
भूकम्पको बारेमा जानौ !

सर्वाधिकार युनिसेफ

अवधारणा, कथा र चित्रहरू:
रुपायान
डि २४० (एफएफ)
सर्वोदय एनक्लेभ
नयाँ दिल्ली ११००१७
भारत
ईमेल: roopayan1@gmail.com

प्राविधिक सहयोग: युनिसेफ भारत




मीना एक हँसिली बालिका हुन् । उनी आफ्ना बाबुआमा, हजुरआमा, भाइ राजु र सानी बहिनी रानीसँग बस्छिन् । मिठु सुगा उनको प्यारो साथी हो । मीना पनि तिमीहरु जस्तै सानी बालिका हुन् । तर पनि उनि केही कुराहरुमा अरु भन्दा फरक छिन् । उनी सबैसँग मित्रता राख्छिन् । आफूले नजानेको प्रश्न जो कोहीलाई निर्धक्क सोध्छिन् । मीना इमान्दार छिन् र अरुप्रति पनि ध्यान राख्छिन् । उनी आफ्ना समस्या आफै समाधान गर्न खोज्छिन् र आफ्ना साथी तथा परिवारका समस्याहरुलाई पनि समाधान गर्न मद्धत गर्छिन् । यस कथामा मीना र उनका साथीहरूले भूकम्प भनेको के हो ? भूकम्प आएको अवस्थामा के कस्ता सावधानी अपनाउनु पर्छ भन्ने कुरा सिक्दैछन् ।



मीना र राजु हरेक दिन मिठु सुगासँगै विद्यालय जान्छन् । साथीहरुसगँ खेल्न र नयाँ कुराहरु सिक्न पाउँदा उनीहरुलाई रमाइलो लाग्छ ।



बिहान विद्यालय जाने बेलामा बुवाले छिमेकी देशमा भूकम्प आएको खबर सुनाउनु भयो ।



“अहो भूकम्प !” मीनाले भन्छिन् । उनी कुरा सुनेर डराउंछिन् ।



मीना र राजु दौडदै दिलको घरमा जान्छन्। दिलले पनि भूकम्प आएको समाचार कहिंबाट सुनेको छ कि भनेर सोध्छन्।

६



दिलले टाउको हल्लाउदै "अँह मैले त सुनेको छैन भन्छ । बरु मैले परार सालको भूकम्प सम्भन्छु । त्यति बेला हाम्रो हजुरबुवाको घर भत्केको थियो ।" उ दुखी देखिन्छ ।





बिद्यालय जादै गर्दा राजुले भने, “मीना मलाई त एकदमै डर लाग्यो ।” राजुको कुरा सुनेर दिलले भने, “आज हामी गुरुआमालाई भूकम्पको बारेमा सोधौं न !, उहाँले पक्कै पनि भूकम्पबाट कसरी सुरक्षित हुने भन्ने बारेमा ज्ञान दिनु हुन्छ होला ।”



उनीहरूले बिद्यालयमा गुरुआमालाई साथीहरूका बीचमा उभिएको देख्छन् ।





मीनाले सबैलाई सुनाउँछिन्, “मेरो बुवाले भन्नु भएको छिमेकी देशमा हिजो भूकम्प आयो रे । उहाँले यो खबर पत्रिकामा पढ्नु भएको ।”



सुमी र दिपु पनि दौडिदै त्यहीं आइपुग्छन् र भन्छन्, “गुरुआमा आज त छिमेकी देशमा भूकम्प आएको थियो रे ! यहाँ पनि भूकम्प आयो भने, हामीले के गर्नु पर्छ ?”





गुरुआमाले सोध्नु भयो, “के तिमीहरूलाई भूकम्पको बारेमा थाहा छ ?”



दिलले भने, “भूकम्प आएको बेला हाम्रा वरपरको सबै कुराहरू हल्लिन थाल्छन् । धेरै चिजहरू फुट्छन् र मान्छेका घरहरु भत्किन्छन् !” दिलका कुरा सुनेर गुरुआमाले उसलाई स्यावासी दिनु भयो।



पृथ्वीको भित्रीभागमा गति उत्पन्न हुदां भूकम्प आउने कुरा गुरुआमाले बताउनु भयो । त्यही गतिका कारण हाम्रा वरपरका सब चिजहरु हल्लिने, टुट्ने, फुट्न र भत्किन हुन्छन्, भनेर उहांले बुझाउन भयो ।



सबैजनाले बडो ध्यान दिएर गुरुआमाको कुरा सुने !



भूकम्प आएको बेलामा सही तरिकाहरू अपनाएमा चिन्तित हुनु नपर्ने कुरा गुरुआमाले बताउनु भयो।

१८




“सही तरिका ?” मिठुले सोध्छ ।






"भूकम्प आएको बेलामा सुरक्षित रहन ठाउँ अनुसार फरक फरक नियमहरु अपनाउनु पर्छ ।"
गुरुआमाले भन्नु भयो ।



“यदि हामी घरभित्र छौं भने, खाट वा टेबुलमुनि, खाट या टेबुलको खुट्टा समाई बस्नु पर्छ र अर्को हातले टाउकोलाई छोप्नु पर्छ ।”



तल बस्ने




मुनि छिर्ने



समात्ने



१) जहाँ भएपनि तुरुन्त जमिनमा बस्ने
२) खाट वा टेबुल मुनि बसिहाल्ने
३) भुई वा जमिन बेस्सरी हल्लिन सक्छ। त्यसैले खाट वा टेबुलको खुट्टा राम्ररी समात्नु पर्छ। जमिन हल्लिन नरोकिए सम्म बसिरहनु पर्छ।



हामी कोठाको कुनामा निहुरिएर पनि बस्न सक्छौं । खाटमा वा कोठाको कुना जता भएपनि टाउकोमा चोटपटक लाग्न दिन हुदैन । सुरक्षाको लागि हाम्रो हातले वा नजिकै रहेको नरम वस्तुले टाउको छोप्नु पर्छ । स्कुल ब्यागले पनि छोप्न सकिन्छ ।






आउ अब एउटा खेल खेलौं : गुरुआमाले भन्नुभयो । मैले तालि बजाएपछि तिमिहरु सबैजना सुरक्षित ठाँउमा बस्नु ल । मैले भनेको सुरक्षित ठाँउहरु सम्झेको छौं होइन ।

सम्झेको छौं – सबैले भन्छन् ।



खेल खेल्न सबैजना तयार छौ– गुरुआमाले भन्नु भयो ।
हामी तयार छौः बालबालिकाले भन्छन् ।
गुरुआमाले तालि बजाएर भुकम्प आयो भन्नु भयो ।



रुवी र राजु हत्पत् भुइमा गई गुरुआमाको टेबुल मुनि जान्छन् र टेबुलको खुट्टा समाई बस्छन् ।



मिना र दिल कोठाको दुइ कुनामा निहुरिएर बस्छन् । मिनाले आफ्नो दुवैहातले र दिलले स्कुल ब्यागले टाउको छोप्छन् ।





गुरुआमाको कुर्सि ठूलो भएकोले, दिप तुरुन्त भुइमा बसि, कुर्सि मुनि कुर्सिको खुट्टा समातेर बस्छ।



भुकम्प आएको बेला के गर्नुपर्छ भन्ने बारे सबै विद्यार्थीहरुले बुझ्केकोमा गुरुआमा दङ्ग हुनुभयो ।




यदि हामी सुतिरहेको बेला भुकम्प आएमा तकियाले पनि टाउकोलाई छोप्न सकिन्छ गुरुआमाले बताउनु भयो । यदि सम्भव भएमा खाट मुनि छिरेर, खाटको खुट्टा समाती वस्नुपर्छ ।






गुरुआमाले हास्दै भन्नु भयो : एकदम राम्रो, अब हामीले के के कुराबाट टाढा बस्नु पर्छ बताउँछु । शिसाको झ्याल नजिक बस्नु हुदैन । झ्याल फुटेर लाग्न सक्छ ।





हामी बाहिरको ढोका वा भित्ता नजिक पनि बस्न हुदैन । यदि ढोका वा भित्ता कमजोर भएमा भत्केर चोटपटक लाग्न सक्छ ।



गुरुआमा यदि भित्ता भत्कन सक्छ भने पंखा, बत्ति, दराज र अरु फर्निचरहरु पनि खस्न सक्छ होइन र ? मिनाले सोधीन्



३१

मिना तिमीले एकदम राम्रो कुरा ल्यायौ । भुकम्प आएको बेला पंखा, बत्ति, दराज खसेर चोटपटक लाग्न सक्छ । त्यसैले यस्ता सामानहरुबाट हामी टाढै बस्नुपर्छ ।

३२



अझ अर्को महत्वपूर्ण कुरा छ, गुरुआमाले भन्नुभयो । भुकम्प आएको बेलामा हामी सवैजना एकै पटक कक्षा कोठाबाट बाहिर जान हुदैन । सबैजना एकै पटक निस्कन खोज्दा लड्ने वा थिचिई चोटपटक लाग्ने हुन्छ । खस्न सक्ने बस्तुको तल बस्नुहुदैन ।

खस्ने बस्तुहरु : मिठ्ठुले भन्छ ।





खेल खेली सकेपछि सबै विद्यार्थिहरुले राम्रो महशुश गर्छन् । उनीहरुले भुकम्प आएको बेलामा के गर्नुपर्छ, के गर्नुहुदैन थाहा पाउँछन् ।

यस्तो उपयोगी जानकारी आफ्नो साथी, आमावुवा र नातेदारहरुलाई पनि सिकाउने कुरा गुरुआमालाई सुनाउँछन् ।

roopayan

Meena

unicef